apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः २८७ ● पृष्ठः ४ ● १५ कार्तिक २०८३ आइतबार (01 November 2026, Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

सूचना
शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।
आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।
सम्पर्क नम्बर
०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

पत्रकार श्याम यादवलाई घरमै पुगेर धम्की दिने उपर मुद्दा दर्ता

रुन्केश कामती/अपन दैनिक
सिरहा, कार्तिक १४ गते

सिरहामा खुलेआम तस्करी भईरहेको विषयमा भिडियो रिर्पोटिङ गरेका अपन दैनिकका सञ्चारकर्मी श्याम कुमार यादवलाई घरमै पुगेर धम्की दिने उपर जिल्ला प्रहरी कार्यालय सिरहाले मुद्दा दर्ता गरेको छ।

सिरहामा खुलेआम तस्करी भईरहेको विषयको उदाहरण स्वरुप भिडियो रिर्पोटिङ गरेका यादवलाई सिरहा नगरपालिका-१८ का अजय यादवले घरमै पुगेर धम्की दिएका थिए। सो विषयमा जिल्ला प्रहरीमा उजुरी गरेपछि प्रहरीले सुरुमा अभद्र व्यवहारमा मुद्दा दर्ता गरेको हो।

बाँकी पृष्ठ ४

वर्षाले फूल खेतीमा क्षति, किसान निराश

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १४ गते

तिहार र छठ पर्वलाई लक्षित गरी सयपत्री फूल बिक्री गर्ने तयारीमा रहेका सिरहाका किसान लगातार दुई दिनको वर्षाले खेतीमा क्षति पुऱ्याएपछि निराश भएका छन्।

फूल टिपेर बजार पुऱ्याउने तयारीमा रहेका किसानको महिनौंदेखिको मिहिनेत वर्षाका कारण खेर जाने अवस्था आएको छ। वर्षाले फूलका बोट भुइँमा ढलाउनुका साथै उत्पादनमा समेत क्षति पुऱ्याएको किसानले बताएका छन्।

गोलबजार नगरपालिका-३ का किसान मनु स्याङ्दनले विगत १५-२० वर्षदेखि फूल खेती गर्दै आएका छन्। उनले यस वर्ष चार कठ्ठा जग्गामा सयपत्री फूल लगाएकी थिइन्। खेतीमा करिब एक लाख रुपैयाँ लगानी गरेका उनले तिहार र छठमा फूल बिक्री गरेर चार लाख रुपैयाँसम्म आम्दानी गर्ने अपेक्षा गरेकी थिइन्।

तर, लगातारको वर्षाले करिब दुई हजार ५०० बोट फूल भुइँमा ढलेपछि लगानीसमेत डुब्ने अवस्था आएको उनले बताइन्।

त्यस्तै, गोलबजार नगरपालिका-६ का किसान रुदल नायकले करिब छ

बाँकी पृष्ठ ३

मधेशमा वित्तीय सुशासन कायम गर्न नयाँ बेरुजु फछ्र्यौट कार्यविधि लागूः अर्थमन्त्री भट्टराई

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १४ गते

मधेश प्रदेश सरकारले प्रदेशका सरकारी निकायमा रहेको बेरुजु फछ्र्यौट तथा न्यूनीकरण गर्न नयाँ कार्यविधि लागू गरेको छ।

प्रदेश सरकारले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम मन्त्रिपरिषद्बाट 'मधेश प्रदेश बेरुजु फछ्र्यौटसम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरी लागू गरेको हो।

प्रदेशअन्तर्गतका मन्त्रालय, आयोग, सचिवालय, निर्देशनालय, कार्यालय तथा अन्य सार्वजनिक निकायमा आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता र सुशासन कायम गर्ने उद्देश्यले कार्यविधि ल्याइएको अर्थ मन्त्रालयले जनाएको छ।

नयाँ कार्यविधिले महालेखा परीक्षकको वार्षिक प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु समयमै फछ्र्यौट गर्ने, सरकारी बाँकी असुलउपर गर्ने

विधि र प्रक्रिया निर्धारण गर्ने तथा बेरुजु न्यूनीकरणका लागि प्रोत्साहन र अनुगमनको व्यवस्था गरेको छ।

कार्यविधिमा बेरुजुलाई असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की बाँकी गरी तीन वर्गमा विभाजन गरिएको छ। त्यसैगरी, बेरुजुको व्यवस्थित लगत अभिलेख राख्ने र नियमित सम्परीक्षण गराउने व्यवस्था पनि गरिएको छ।

बेरुजु समयमै फछ्र्यौट तथा

बाँकी पृष्ठ ४

मधेशमै पहिलो पटक 'रिपोर्ट भेन्डिङ मेसिन' सेवा, रिपोर्ट आफैं निकाल्न सकिने

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १४ गते

मधेश प्रदेशमै पहिलो पटक रिपोर्ट भेण्डिङ मेसिन जडान गरिएको छ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रादेशिक अस्पताल जनकपुरधाममा 'रिपोर्ट भेण्डिङ मेसिन' प्रविधि जडान गरी सुचारु गरिएको हो।

प्रयोगशाला परीक्षणको रिपोर्ट लिन बिरामी तथा सेवाग्राहीले भोग्दै आएको झन्झट कम गर्ने उद्देश्यले स्वचालित ल्याब रिपोर्ट प्रिन्टिङ मेसिन सञ्चालनमा ल्याइएको हो। प्रतिष्ठानको ल्याबमा जडित अत्याधुनिक 'रिपोर्ट भेण्डिङ मेसिन' को सेवा औपचारिक रुपमा विहिवार देखि सुरु गरिएको हो। प्रतिष्ठानका उपकुलपति प्रा.डा. अंकुर साह सहितकाले प्रतिष्ठानको वास्थ्य सेवालाई प्रविधिमैत्री, सहज र प्रभावकारी बनाउने अभियान

बाँकी पृष्ठ ३

फेटामा झडपः एमालेले दुई दिनअघि नै दिएको थियो कार्यक्रम बिथोल्ने चेतावनी

अपन दैनिक संवाददाता
बारा, कार्तिक १४ गते

बाराको फेटा गाउँपालिकामा अस्पताल उद्घाटनलाई लिएर हुनसक्ने विवादबारे जिल्ला प्रशासन र प्रहरी प्रशासनलाई दुई दिनअघि नै जानकारी थियो।

एमालेका स्थानीय नेताहरूले कार्यक्रम बिथोल्ने चेतावनीसमेत दिएको प्रशासनले स्वीकार गरेको छ। तर सम्भावित झडप रोक्न प्रभावकारी पहल नगर्दा शनिबार बिहान स्थिति हिंसात्मक बन्न पुग्यो।

फेटा गाउँपालिका-३ मा १५ शय्याको नवनिर्मित अस्पताल उद्घाटनका क्रममा दुई पक्षबीच झडप हुँदा प्रहरीको गोली लागेर १५ वर्षीय किशोर घाइते भएका छन्। झडपमा पाँच प्रहरीसमेत घाइते भएका छन्। अस्पताल परिसरमा तोडफोड, सवारीसाधनमा आगजनी र भौतिक संरचनामा व्यापक क्षति पुगेको छ।

प्रहरीको गोली लागेर फेटा गाउँपालिका-३ का १५ वर्षीय आदित्य पासवान घाइते भएका हुन्। उनको एउटा तिघ्रामा गोली लागेको

बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले बताए। उनको वीरगञ्जस्थित नेसनल मेडिकल कलेजमा उपचार भइरहेको छ।

दुई दिनअघि नै कार्यक्रम बिथोल्ने चेतावनी

फेटा गाउँपालिकामा नवनिर्मित १५ शय्याको अस्पताल उद्घाटन गरी पालिकालाई हस्तान्तरण गर्ने कार्यक्रम थियो। उद्घाटनका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की प्रतिनिधिसभा सदस्य समीक्षा बास्कोटा फेटा पुगेकी थिइन्।

विवेकशील साझाबाट गाउँपालिका अध्यक्ष निर्वाचित भएका अमिरीलाल साह (कानु) पछि रास्वपामा समाहित भएका थिए। उनको कार्यकालमा निर्माण सुरु भएको अस्पतालको उद्घाटनमा शिलालेखमा नाम राख्ने विषयलाई लिएर विवाद देखिएको थियो।

प्रजिअ अधिकारी अधिकारीका अनुसार निवर्तमान गाउँपालिका अध्यक्ष साहले अस्पताल उद्घाटन रोक्न र शिलालेखमा रहेको नाम हटाउन चाहेका थिए। उनी एमालेबाट निर्वाचित भएका बेला अस्पताल निर्माणको प्रक्रिया अघि बढेको थियो।

सांसद बास्कोटाले उद्घाटन गर्ने

बाँकी पृष्ठ ४

नक्कली नोटसहित सिरहामा दुई जना पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १४ गते

सिरहा प्रहरीले नक्कली नेपाली नोट जस्तो देखिने २५ हजार ५०० रुपैयाँसहित दुई जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार शुक्रबार राति करिब ९ बजे सिरहा नगरपालिका-१ स्थित महावीर चोकदेखि शिव चोक जाने हुलाकी सडकखण्डमा नक्कली नोट बोकी हिँडिरहेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी चौकीबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

शंका लागेर चेकजाँच गर्ने क्रममा सिरहाको कल्याणपुर नगरपालिका-८ बस्ने अन्दाजी ३५ वर्षका मोहम्मद मुस्तुफा हुसेन र अन्दाजी ३२ वर्षका समिर मियाको साथबाट उक्त रकम बरामद भएको हो।

बाँकी पृष्ठ २

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

पत्रकारिता, आचारसंहिता र सत्ता: पत्रकार पक्राउको औचित्यमाथि प्रश्न

नेपालमा अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था छ । नेपालको संविधानले स्वच्छ, स्वस्थ र स्वतन्त्र समाचार सङ्कलन, सम्प्रेषण, प्रकाशन र प्रसारणलगायत सञ्चारसम्बन्धी अनेक अधिकार सुरक्षित गरेको छ। संविधानमा नै पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिएको छ । समाचार भने निष्पक्ष र पूर्वाग्रहरहित हुनुपर्ने छ । कसैको चरित्र हत्या गरी मानमर्दन गर्न नपाइने प्रावधान पनि सञ्चारसम्बन्धी विभिन्न ऐनकानुनमा उल्लेख गरिएको छ।

पत्रकारले के गर्न हुन्छ ? के गर्न हुँदैन ? भनेर पत्रकारको आचारसंहिता पनि बनेकै छ, जुन सबै पत्रकारको हकमा लागू हुन्छ। सानाठूला जुनसुकै स्तरका सञ्चारकर्मी र सञ्चारमाध्यम सबैलाई प्रेस काउन्सिल नेपालले जारी गरेको आचारसंहिताले बाँधेको हुन्छ । त्यसलाई कार्यान्वयन गर्नु सबैको दायित्व पनि हो।

पत्रकारितालाई व्यवस्थित बनाउन उनीहरूकै साझा सङ्गठन नेपाल पत्रकार महासङ्घले पनि छुट्टै आचारसंहिता लागू गरेको छ, जुन सबैले पालना गर्नैपर्छ । बेलाबेलामा पत्रकारले दुःख दिएका, चरित्र हत्या गरेका, पूर्वाग्रह राखेर समाचार बनाएका र तथ्यहीन समाचारले नागरिक प्रताडित भएको चर्चा सुनिन्छ । खासगरी सत्तामा रहने र ठूलाबडा भनिएका समाजका अगुवा, व्यापारी, उद्योगी र कर्मचारीलगायतका मानिसहरूले पत्रकारका कारण आफ्नो मान, प्रतिष्ठा र इज्जतमा दाग लागेको भन्दै गुनासो गरेको पाइन्छ । उनीहरूमध्ये कतिले समाचारलाई वास्ता गर्दैनन्, कतिपयले खण्डन गर्ने प्रक्रियामा जान्छन् त कतिपयले पत्रकारलाई मुद्दा, गालीगलौज र मारपिट अनि ज्यान मार्ने धम्कीसम्म दिने गरेको पाइन्छ।

आफ्नो मानमर्दन, बेइज्जती, चरित्र हत्या वा मानहानि भएको खण्डमा पत्रकार वा सञ्चारमाध्यमलाई कानुनको कठघरामा उभ्याउनुपर्नेमा उनीहरू अन्यत्र उपाय खोज्दा फेरि अर्को दुर्घटना हुन पुग्छ, जुन अहिले भइराखेको छ । पत्रकारले समाचार लेख्नुअघि समाचारको विश्वस्त स्रोत र बलियो प्रमाण नभई सार्वजनिक गर्न नहुने अन्तर्राष्ट्रिय मान्यताविपरीत हतारमा, बदलामा, आवेगमा र पूर्वाग्रहमा समाचार सम्प्रेषण गर्दा विभिन्न समस्या आइपर्छन्।

समाजमा गर्न नहुने, राष्ट्रलाई क्षति पुर्‍याउने, समाजमा प्रतिकूल असर पार्ने, विकृति, विसङ्गति र हानिनोक्सानी पुर्‍याउने कार्यका बारेमा सूचना प्रवाह गरी समाजलाई सुसूचित पार्नु नै पत्रकार र सञ्चारमाध्यमको मूल दायित्व हो। पत्रकार यी दायित्वबाट विमुख हुन पाउँदैन र मिल्दैन। यस्तो कार्यबाट चुकेको खण्डमा उसलाई नियम र कानुन लाग्छ, किनकि ऊ पनि नेपालकै नागरिक हो। उसलाई छुट दिने भनेर कतै उल्लेख गरिएको छैन।

सही र सत्य समाचार लेख्ने पत्रकार देशको सच्चा पहरेदार हुन्। उनीहरूलाई उत्साहित र संरक्षण गर्नु राज्यको दायित्व बन्दछ। गलत, झुटो, चरित्रहत्या र पूर्वाग्रह अनि बदलाको भाव राखेर समाचार लेखेको खण्डमा उसलाई प्रेस काउन्सिलले सचेत गराउने, दण्ड-जरिवाना गर्ने र क्षतिपूर्ति भराउनेजस्ता कानुन पनि बनाइएको छ। प्रमाण नपुगी समाचार लेखेको रहेछ भने खण्डन गर्ने र माफी माग्नुपर्ने कानुनी प्रावधान पनि छ, जुन काउन्सिलले कार्यान्वयन गराउँछ।

अदालतमा उजुरी दिने र क्षतिपूर्ति भराउने पनि गरेको पाइन्छ। तर पत्रकारका माध्यमबाट कसैलाई मर्का परेको भए उसलाई सजाय दिने र कानुनी कठघरामा उभ्याउने निकाय भने काउन्सिल नै हो। जे पायो त्यही समाचार लेखेर समाजमा अरूको चरित्र हत्या गर्न किमार्थ पाइँदैन। त्यो छुट कुनै पनि पत्रकारलाई छैन। ‘पत्रकार हुँ, मलाई कसैले केही गर्न सक्दैन’ भन्ने अहम् कसैले पालेको छ भने ऊ पत्रकार नै होइन, उसले नेपाली पत्रकारिता नै बुझेको छैन।

अरू नेपालीलाई लाग्ने कानुन पत्रकारलाई पनि लाग्छ नै । तर समाचार लेखेकै भरमा पत्रकारलाई अनावश्यक केरकार, सजाय, मारपिट र धाकधम्की दिन कानुनले बन्देज गरेको छ। समाज सुधारकका रूपमा दिनरात खटिने पत्रकारलाई यदाकदा आफ्नो प्रशंसा गर्ने माध्यम बनाउन खोजेको पाइन्छ। खासगरी राजनीतिक दल, सरकार र राज्य प्रशासनमा रहनेहरूको मुख्य निशानामा पत्रकार परेका हुन्छन्।

विपक्षमा हुँदा दल र पत्रकार दुवै पक्षले जनताकै पक्षमा बोलेका हुन्छन्। तर जब राजनीतिक दल सत्तामा पुग्छन्, तब पत्रकार र उनीहरूको बाटो अलग्गै हुन्छ । पत्रकार नागरिकसँगसँगै हिँड्छ के अहिले पत्रकार र पत्रकारिता सुरक्षित छ त ? अवश्य छैन । सरकारका विभिन्न निकायको निशानामा पत्रकार परिरहेका छन् । समाचारको स्रोत माग्ने नाममा पत्रकारको हुर्मत लिने, कार्यालयभित्रै छिरेर गिरफ्तार गर्ने र झुटा मुद्दा लगाउने क्रम अहिले फेरि बढ्दो छ।

सुशासन, विकास, शान्ति सुरक्षा, अमनचयन, महँगी नियन्त्रण, निष्पक्ष न्याय, स्वतन्त्रता र मानव अधिकारको सम्मानजस्ता संविधानमा नै उल्लेखनीय प्रावधान लागू गरेको भए सरकारको विरोधमा पत्रकारले किन समाचार लेख्नुपर्थ्यो र ? शान्ति सुरक्षा र सुरक्षाकै बिटमा लामो समयदेखि कलम चलाउने पत्रकार विश्वमणि सुवेदीलाई शुक्रबार अपराह्न उनकै कार्यालयबाट नेपाल प्रहरीले पक्राउ गरेको छ । सदैव प्रहरीको मनोबल उच्च राख्नुपर्छ भन्ने विश्वमणिलाई बिनाकारण र बिनाआधार किन पक्राउ गरियो ? यसका साथै प्रहरीले मोटिभेट न्युज डटकमका शोभराज बराल र डिएनए खबरका धीरज बस्नेतलाई समेत पक्राउ गर्‍यो।

प्रहरीभित्र भएको राम्रो र नराम्रो दुवै पक्षमा प्रमाणका आधारमा नै उनी समाचार लेख्ने पत्रकार हुन् भन्ने कुरा प्रहरीलाई नै बढी थाहा छ। पत्रकारले प्रहरीको समाचार बनाउन कसलाई सोध्नुपर्ने हो र ?

प्रहरीभित्रका समाचार प्रहरीले नै दिएका हुन्छन्, न कि कोही बाहिरकाले। प्रहरीभित्र केही गडबडी भएको भए समाचार बनाउने अधिकार पत्रकारलाई सुरक्षित छ भन्ने हेक्का त होला नै। तर सबै पत्रकारलाई बिना पुर्जी प्रहरीले के प्रमाण र कति कारणले पक्राउ गर्नुपर्‍यो होला ?

पत्रकार पक्राउ पर्नुको कारण प्रहरीको समाचार लेखेबापत हो कि सिंहदरबारको ?

अहिले सरकार पक्राउमा अलि बढी विश्वास गर्छ भन्ने चर्चा चलिरहेकै बेला समाचार लेख्ने पत्रकार पक्राउले हो कि भन्ने कुरालाई बल पुगेको छ।

जतातत‌ै पक्राउ गरेको मात्रै समाचार आउँछ अचेल, किन हो ?

स्पष्ट आधार र प्रमाणसहित प्रेस काउन्सिलमा उजुरी दिएर पत्रकारलाई पनि कानुनी कठघरामा उभ्याउन सक्ने त झन् सरकारले हो नि। अनेक निकायले पत्रकारलाई धरपकड गर्न नपाउने विषयमा बोल्नुपर्ने तालुक अड्डा त काउन्सिल होइन र ?

स्वतन्त्र पत्रकारिता बाँचेपछि मात्रै सरकार लोकतान्त्रिक हुन्छ भन्ने विषय हामीले बताउनुपर्दैन । किनभने सत्तारूढ पार्टीका धेरै नेता साथीहरू हाम्रै पत्रकार हुनुहुन्छ। थुन्ने संस्कृतिलाई बढावा दिनुभन्दा आपसी छलफल र सहकार्य गरेर अघि बढ्न सक्यो भने मात्रै सरकार पत्रकारमैत्री हुनेछ। अनावश्यक पत्रकार थुन्ने र थुनछेक गर्ने काम बन्द गरौं।

तर सत्तारूढ दलको बाटो शासकीय हुन्छ। अनि त्यहींनिर उनीहरूको कुरा मिल्दैन । सच्चा पत्रकार सत्ताको गुण गाएर, भजन गाएर अनि जी-हजुरीमा लाग्दैन । ऊ त त्यही गर्छ, जुन हिजोदेखि गर्दै आएको थियो, अर्थात् विकृति र विसङ्गतिको विरोध। ऊ समाचारमार्फत जनतालाई सुसूचित गराउन लाग्छ र समाजको आँखा खोल्छ। यी सबै कुरा जुनसुकै सत्ताधारीलाई मन पर्दैन । र त ऊ पत्रकारलाई दुःख दिन लाग्छ।

(लेखक अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ एसिया प्रशान्त (आइएफजे) का पूर्व कार्यकारी सदस्य हुन्।)

सम्पादकीय...

के प्रहरीले सरकारलाई बदनाम गर्न खोजेको हो ?

लोकतन्त्रमा सरकारको आलोचना गर्ने अधिकार नागरिकलाई हुन्छ र नागरिकको आवाज सरकारसम्म पुर्‍याउने जिम्मेवारी सञ्चारमाध्यमको हो। सरकार, संवैधानिक निकाय, सुरक्षा निकाय वा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूका कामकारबाहीमाथि प्रश्न उठाउनु पत्रकारिताको अपराध होइन, लोकतान्त्रिक दायित्व हो। तर नेपालमा पछिल्लो समय सार्वजनिक भएका घटनाक्रमले सरकार र प्रहरी प्रशासनको प्रेस स्वतन्त्रताप्रतिको प्रतिबद्धतामाथि गम्भीर प्रश्न खडा गरेका छन् । नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई सरकारले राजीनामा दिन दबाब दिएको, सर्वोच्च अदालतका न्यायाधीशहरूसँग विचौलियाको साँठगाँठ रहेको लगायतका विषयमा विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशित भए। ती समाचारमा उठाइएका विषय सत्य हुन् वा होइनन्, त्यसको पुष्टि गर्ने जिम्मेवारी सम्बन्धित निकाय र अनुसन्धान प्रक्रियाको हो। समाचारमा तथ्यगत त्रुटि भए खण्डन गर्ने, प्रमाण माग्ने र कानुनी उपचार खोज्ने बाटो खुला छ। तर समाचार प्रकाशित भएकै आधारमा प्रहरी संगठनलाई प्रयोग गरेर पत्रकारलाई तर्साउने वा सञ्चारगृहमा प्रवेश गरी धरपकड गर्ने प्रयास कुनै पनि अवस्थामा स्वीकार्य हुन सक्दैन्।

नेपाल प्रहरीले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रकाशित सामग्रीप्रति आपत्ति जनाउँदै विज्ञप्ति सार्वजनिक गर्‍यो। त्यसको भोलिपल्ट शुक्रबार सादा पोशाकका प्रहरी विभिन्न सञ्चारगृहमा पुगे। नेपाल प्रेसका पत्रकार विश्वमणि सुवेदी र मोटिभेट न्युजका सम्पादक शोभराज बराललाई नियन्त्रणमा लिइयो। नयाँ पत्रिका दैनिकको कार्यालयमा पत्रकार नवराज मैनालीलाई नियन्त्रणमा लिन प्रहरीले प्रयास गर्‍यो भने दियो पोस्टको कार्यालयमा समेत प्रहरी टोली पुगेको समाचार सार्वजनिक भयो। नयाँ पत्रिकाको सम्पादकीय टोलीले प्रहरीको उक्त प्रयासलाई रोक्यो। सञ्चारमाध्यमको समाचार कक्षमा प्रहरी पुग्नु, पत्रकारलाई पक्राउ गर्न खोज्नु र समाचार प्रकाशनको विषयलाई लिएर प्रहरी कार्यालयमा उपस्थित गराउन खोज्नुले राज्यको शक्ति प्रयोगको सीमाबारे गम्भीर बहस सिर्जना गरेको छ। प्रहरीले कुनै कसुरको अनुसन्धान गर्न पाउँछ। तर अनुसन्धानको नाममा पत्रकारिताको स्वतन्त्रता, सञ्चारगृहको संस्थागत स्वायत्तता र नागरिकको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने छुट प्रहरीलाई छैन्। प्रधानमन्त्री वालेन शाहका सञ्चार तथा अनुसन्धान विज्ञ दीपा दाहालले प्रधानमन्त्री, प्रधानमन्त्रीको सचिवालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्रकार पक्राउ गर्ने घटनाबारे पूर्वजानकारी नभएको स्पष्ट पारिन्। घटनाबारे जानकारी पाउनासाथ प्रधानमन्त्रीले नियन्त्रणमा लिइएका पत्रकारलाई तत्काल रिहा गर्न र सञ्चारगृहमा प्रवेश गरी धरपकड नगर्न निर्देशन दिएको उनको भनाई सार्वजनिक भयो। प्रधानमन्त्री र प्रधानमन्त्रीको सचिवालयलाई यसबारे जानकारी थिएन भने प्रहरी कसको निर्देशनमा सञ्चारगृहसम्म पुग्यो ? यदि प्रधानमन्त्री कार्यालयको चासोका आधारमा पत्रकारलाई बोलाइएको थियो भन्ने प्रहरीको पछिल्लो स्पष्टीकरण सही हो भने प्रधानमन्त्री कार्यालयले आफ्नो संलग्नता नरहेको बताएको विषयसँग यसको तादात्म्य कसरी मिल्छ ? प्रहरीको विज्ञप्तिमा प्रधानमन्त्री कार्यालयको चासो उल्लेख हुनु र प्रधानमन्त्रीको सचिवालयले पूर्वजानकारी नरहेको बताउनु आफैंमा छानबिन गर्नुपर्ने विषय हो। प्रधानमन्त्री कार्यालयको चासो के थियो ? कसले चासो व्यक्त गरेको थियो ? प्रहरी प्रधान कार्यालयबाट कुन तहमा निर्देशन गयो ? सञ्चारगृहमा जाने निर्णय कसले गर्‍यो ? पक्राउ पुर्जी वा अन्य कानुनी आधार के थियो ? यी सबै प्रश्नको जवाफ सार्वजनिक हुनुपर्छ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको भूमिकामाथि संदेह छ । महानिरीक्षक स्वयंका विषयमा समाचार प्रकाशित भएपछि त्यसलाई लिएर प्रहरी संगठन परिचालित भएको हो भने यो स्वार्थको द्वन्द्वको विषय बन्न सक्छ। कुनै व्यक्तिको पद, प्रतिष्ठा वा संस्थागत छविमाथि प्रश्न उठेको अवस्थामा त्यसको जवाफ दिने जिम्मेवारी सम्बन्धित व्यक्तिको हुन्छ। प्रहरी संगठनलाई व्यक्तिगत प्रतिरक्षाको माध्यम बनाउने छुट कसैलाई हुँदैन्। के प्रहरी महानिरीक्षक कार्कीले प्रधानमन्त्री र सरकारलाई समेत अप्ठ्यारोमा पार्ने गरी यस्तो कदम चाल्न निर्देशन दिएका हुन् ? के यो प्रहरी संगठनको स्वतन्त्र निर्णय थियो ? अथवा प्रधानमन्त्रीको सचिवालय वा सरकारका कुनै जिम्मेवार व्यक्तिको निर्देशनमा यस्तो गतिविधि भएको हो ? कतै प्रहरीको यस्तो कदमले प्रधानमन्त्री वालेन शाहको सरकारलाई नै विवादमा पार्ने, बदनाम गर्ने वा सरकार र सञ्चारमाध्यमबीच अविश्वास सिर्जना गर्ने परिस्थिति त निर्माण गरेको छैन् ? यो प्रश्नको उत्तर अनुमानबाट होइन, निष्पक्ष अनुसन्धानबाट खोजिनुपर्छ। नेपालको संविधानले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र सञ्चारको हक सुनिश्चित गरेको छ। संविधानको धारा १७ ले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र धारा १९ ले सञ्चारको हकको व्यवस्था गरेको छ। समाचारमा कसैको प्रतिष्ठामा असर परेको दाबी भए कानुनी उपचार खोज्न सकिन्छ। तर प्रहरीको उपस्थितिबाट समाचार कक्षलाई भयभीत बनाउने, स्रोत खुलाउन दबाब दिने वा समाचार लेखेकै आधारमा पत्रकारलाई नियन्त्रणमा लिने प्रवृत्ति संविधानको मर्मसँग मेल खाँदैन्। समाचारमा तथ्यगत त्रुटि भए खण्डन, स्पष्टीकरण र पत्रकारिताको आचारसंहिताअनुसार कारबाहीको प्रक्रिया अघि बढाउन सकिन्छ। तर कुनै फौजदारी कसुरको वास्तविक आधार र प्रमाण भए त्यसको अनुसन्धान पनि प्रचलित कानुन र उचित प्रक्रियाअनुसार हुनुपर्छ।

त्यसैले सञ्चारगृहमा प्रहरी परिचालन गर्ने निर्णय कसले र कुन आधारमा गरेको हो भन्ने विषयमा स्वतन्त्र तथा निष्पक्ष छानबिन गरिनुपर्छ। प्रहरी प्रधान कार्यालय, साइबर ब्युरो र सम्बन्धित अनुसन्धान कार्यालयबाट भएका निर्देशन, पत्राचार तथा निर्णय प्रक्रियाको अभिलेख परीक्षण गरिनुपर्छ। प्रधानमन्त्री कार्यालयको चासो र प्रहरीको दाबीबीच देखिएको विरोधाभास स्पष्ट पारिनुपर्छ। कानुनी आधारबिना पत्रकारलाई पक्राउ गर्ने वा सञ्चारगृहमा धरपकड गर्ने कार्यमा संलग्न अधिकारीको जिम्मेवारी निर्धारण गरिनुपर्छ। भविष्यमा समाचार प्रकाशनकै विषयलाई लिएर प्रहरी संगठनको शक्ति प्रयोग गरी सञ्चारमाध्यमलाई दबाब दिने अवस्था आउन नदिन स्पष्ट संस्थागत मापदण्ड बनाउनुपर्छ। सरकारले प्रेस स्वतन्त्रताको पक्षमा बोलेर मात्र पुग्दैन्, आफ्नै प्रशासनिक संयन्त्रबाट प्रेस स्वतन्त्रता कुण्ठित हुने अवस्था आउन नदिने सुनिश्चितता पनि गर्नुपर्छ। सञ्चारगृहमा प्रहरी पुग्ने र पत्रकार पक्राउ गर्ने प्रयास गर्ने घटनाको निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्नु नै अहिलेको सरकारको लोकतान्त्रिक जवाफदेहिताको वास्तविक परीक्षा हो। यसमा प्रधानमन्त्री वालेनले आफ्नो सुझबुझ र सक्रियता देखाउनु पर्छ।

नक्कली नोटसहित सिरहामा दुई जना ....

उनीहरूको साथबाट ५०० दरका ३ थान र एक हजार दरका २४ थान गरी जम्मा २५ हजार ५०० बराबरको नक्कली नोट जस्तो देखिने रकम बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

बरामद गरिएको रकमसहित नियन्त्रणमा लिइएका दुवै जनालाई जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याइएको र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क ०३३-५२१२१४

आजको राशिफल

मेष : दिन राम्रो छ। शिक्षा र स्वास्थ्यमा गरेको प्रयास सफल बन्नेछ। राजनीतिक क्षेत्रमा प्रगति हुनेछ।

बृष : आजको दिनलाई सदुपयोग गर्नुपर्ने छ। स्वास्थ्य र शिक्षाको लगानीले हौसला थपिने छ। श्रमको मूल्य प्राप्त हुनेछ।

मिथुन : दिन राम्रो छ। व्यापारमा नाफा हुनेछ। सहकार्यमा गरेको लगानीबाट फाइदा हुनेछ।

कर्कट : दिन राम्रो छ। वैदेशिक क्षेत्रमा गरेको लगानीबाट फाइदा हुनेछ। पारिवारिक मेलमिलाप हुनेछ।

सिंह : अनावश्यक यात्रामा समय र पैसा खर्च हुनेछ। आफन्तले भन्दा बाहिरका साथीको साथ र सहयोग मिल्ने छ।

कन्या : दिन राम्रो छ। परिवारमा रमाइलो घुमघाम तय हुनेछ। धार्मिक यात्रा हुने योग छ।

तुला : दिन राम्रो छ। मानसम्मान मिल्ने छ। शिक्षामा प्रगति हुनेछ।

वृश्चिक : सानो कुराले धेरै सताउने जोखिम रहेको छ। राजनीति र शिक्षामा सुधारका संकेत देखिने छन्।

धनु : दिन राम्रो छ। परिवारसँग बसेर रमाइलो गर्ने अवसर मिल्ने छ। स्वास्थ्य र शिक्षामा प्रगति हुनेछ।

मकर : दाजुभाइसँगको एकताले मन शान्त भए पनि परिवारको विवादले मन अशान्त बन्नेछ।

कुम्भ : आज पठनपाठनमा रुची बढ्ने छ। धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गरेमा दैनिक काम सहजै बन्नेछन्।

मीन : स्वास्थ्यमा समस्या हुन सक्छ। शिक्षा र स्वास्थ्यमा ढिलासुस्ती हुनेछ। रोजगारीका क्षेत्रमा सहकर्मीसँग विवाद बढ्ने छ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

रास्वपा बैठकमा उठ्यो रवि–बालेन सम्बन्धको चिसोदेखि न्यायाधीशको महाभियोग

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक १४ गते

रास्वपा सचिवालय बैठकमा पार्टी र सरकारबीचको सम्बन्धबारे अनेक कोणबाट छलफल भएका छन्।

सभापति रवि लामिछाने अनि प्रधानमन्त्री तथा वरिष्ठ नेता बालेन शाहबीच सत्तासञ्चालनका मुलभुत विषयमा एकरूपता नआउँदा धेरै समस्या देखिन थालेको भन्दै बैठकमा बोल्ने अधिकांश नेताहरूले पार्टी र सरकारबीचको समन्वयका लागि एक समिति गठन हुनुपर्ने माग गरे।

शनिबार बैठकमा नेताहरूले अर्थमन्त्री तथा पार्टी उपसभापति स्वर्णिम वाग्लेलाई उक्त समन्वय समितिको नेतृत्व गर्न प्रस्ताव गरे। तर, वाग्लेले आफूसँग सरकारकै समग्र योजना र तयारीका सूचना नहुने भएकाले संयोजक बस्न सिधै अस्वीकार गरेका छन्।

वाग्लेलाई उद्धृत गर्दै एक सहभागी नेताले भने, 'कुनै महत्त्वपूर्ण निर्णय हुन लाग्दा म नै कतिपय मिडियाबाट थाहा पाइरहेको हुन्छु, कहिलेकाहिँ त पार्टी र सरकारभन्दा बाहिरका मान्छेले समेत भन्दिन्छन्। म संयोजक बस्दैमा यो समस्या समाधान हुँदैन। म बस्दिनँ।'

वाग्लेले अस्वीकार गरेपछि केही नेताले स्वयं सभापति रवि लामिछानेलाई उक्त विषयको संयोजन गर्न आग्रह गरे। लामिछानेको कुरा काट्न प्रधानमन्त्री बालेन शाहलाई कठिन हुनसक्ने भएकाले उनी नै बस्नु व्यवहारिक हुने प्रस्ताव वाग्लेसहितका नेताहरूको थियो।

तर रविले बैठकमा कटाक्षको शैलीमा भने, 'यो पाँच वर्ष प्रधानमन्त्रीज्यूलाई नै भो। उहाँसँग के छलफल गर्ने, के संयोजन गर्ने ? तै पनि भन्ने कुरा भनिरहेकै हुन्छु, मलाई संयोजक बसिराख्नु पर्दैन। यो प्रस्ताव व्यवहारिक छैन।'

संसदीय दलका नेता बालेनले विभिन्न पार्टीसँग समन्वय गर्ने जिम्मेवारी उपनेता गणेश पराजुलीलाई दिनुपर्ने प्रस्ताव पनि बैठकमा उठेको छ। विपक्षीहरूसँग सरकारको सम्बन्धमा ठूलो दूरी देखिएकाले अब पार्टीले नै अग्रसरता देखाएर कुरा गर्न नेताहरूले विषय उठाएका छन्।

सभापति लामिछानेले प्रधानमन्त्री बालेनलाई लक्षित गर्दै बोलेको एउटा टिप्पणीको अडियो प्रधानमन्त्रीकहाँ पुगेको, त्यसले थप तिक्तता सिर्जना गरेको विषय अहिले रास्वपाभित्र चर्चामा छ।

बैठकमा उक्त विषय सिधै नउठे पनि शुक्रबार पत्रकारमाथि धरपकड, त्यसले उत्पन्न गरेको पार्टी र सरकारबीचको तनावबारे पनि बैठकमा लामो छलफल भएको थियो।

नेताहरूले सरकारसँग सम्बन्धित केही पात्रले पार्टीको नीति र नेतृत्वलाई पूरै अस्वीकार गरेकाले ती पात्रमाथि कारबाही हुनुपर्ने समेत माग गरेका छन्। उनीहरूको संकेत बालेनका मुख्य सल्लाहकार कुमार बेनतिर लक्षित थियो।

गृहमन्त्री सुधन गुरुङसमेत पछिल्ला विवादास्पद घटनाको जिम्मेवार पात्र भएकाले उनलाई जवाफदेही बनाउनुपर्ने विषय बैठकमा उठेको छ।

सरकार पार्टीको पकडभन्दा बाहिर गएको विषयलाई नेताहरूले बैठकमा उठाएको केही नेताहरूले कुराकानीमा भने।

सचिवालय बैठकको धेरै समय न्यायाधीशहरूमाथि महाभियोग तयारीका विषयमा खर्च भएको थियो। रास्वपाभित्र यसअघि नै न्यायाधीशलाई महाभियोगमार्फत हटाउने प्रक्रिया थाल्नुपर्ने विषय उठे पनि पछिल्लो मेसेज, वक्तव्य लगायत विषयले त्यसलाई बलियो आधार दिएका छन्।

बिचौलिया इनम सापकोटासँग जोडिएका न्यायाधीश, अनि शंकामा तानिएका प्रधानन्यायाधीश समेतका विषयमा प्रश्न उठेकाले रास्वपालाई अझै सजिलो भएको छ।

पार्टी उच्च स्रोतका अनुसार रास्वपाले एक्लै यो विषय उठाउनुभन्दा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति गगन थापासँग छलफल गर्ने, त्यसको पहल सभापति लामिछाले गर्ने समझदारी भएको छ।

सहभागी अर्का नेताले भने, 'महाभियोग प्रक्रिया त अघि बढ्छ, बढ्छ। यसको संसदीय प्रक्रिया पनि विचार गर्छौं। सभामुख, संसदीय समितिका सभापति, अरु सांसद, पार्टीहरू सबैसँग कुरा गर्ने निर्णय भएको छ। न्यायालयलाई यति धेरै प्रश्नहरूसहित नेतृत्व छाड्न सकिँदैन।'

रास्वपा सचिवालय सदस्य समीक्षा बाँस्कोटाले न्यायालय पुनर्संरचनाको विषय संसदलाई नै जिम्मेवारी दिएको बताउँछिन्।

'न्यायालय पुनर्संचनाको विषय यसअघि पनि उठाएकै हौं। शनिबार पार्टीले पनि यो हुनपर्छ भनेको छ। शनिबारबाट विधिवत् रुपमा कसरी गर्ने त भन्दा संसद्को विषय हो,' उनले भनिन्, 'संसद्ले नै न्यायसम्पादनका विषयमा रिफर्म गर्नका लागि के गर्नुपर्छ भन्ने कुरा संसद्को गर्भमा गयो।'

यही विषयमा अन्य राजनीतिक दलहरूसँग कुराकानी गर्न सभापति लामिछाने तयार रहेको उनी बताउँछिन्।

'जे विषय आउँदा पनि अन्य दलहरूसँग सभापतिले समन्वय गरिरहनुभएको छ, यो पटक पनि गर्नुहुन्छ, त्यो स्वभाविक नै हो,' उनले भनिन्।

पार्टी प्रवक्ता जगदीश खरेलले पनि यो विषय संसदीय समितिमा पठाइएको बैठकपछि जानकारी गराएका थिए।

'यदि हामीले समग्र न्याय क्षेत्रकै पुनर्संरचना गर्ने हो भने अब यसका लागि संवैधानिक बाटो भनेको संसद् नै हो। संसद्मार्फत यसको प्रक्रिया अघि बढाइनुपर्छ,' खरेलले भनेका छन्, 'त्यो प्रक्रिया अघि बढाउनका लागि रास्वपाको आजको सचिवालय बैठकले संसदीय दललाई समेत निर्देशन दिइसकेको छ।'

धनुषामा १० दिनदेखि बेपत्ता बालक धानखेतमा मृत फेला

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १४ गते

धनुषाबाट १० दिनदेखि बेपत्ता धनुषाको नगराइन नगरपालिका ७ देवडिहाका अजय झाका ७ वर्षीय छोरा साकेत झा मृत फेला परेका छन्।

धनुषाका प्रहरी प्रवक्ता डिएसपी ओमप्रकाश खनालका अनुसार घर भन्दा करिब अढाई किलोमिटर उत्तर धानखेतमा बालकको शव एकछिन अघि फेला परेको हो।

गत कार्तिक ४ गते दशैं टिकाको दिन बालक घरबाट निस्केका थिए। उनी बेपत्ता भएदेखि गाउँ तथा घररिवार चिन्तामा थिए।

परिवारजन तथा प्रहरी निरन्तर खोजिरहेपनि साकेत फेला पर्न सकेको थिएन। नजिकका गाउँघर तथा वरपर रहेका पोखरी झाडी सबैमा प्रहरीले खोजेको थियो ।

घटनास्थल पुगेर अनुसन्धान थालेको डीएसपी खनालले बताए। बालकको हत्या भएको हुन सक्ने प्रहरीको आशंका छ।

वर्षाले फूल खेतीमा क्षति, किसान ....

कठ्ठा जग्गामा लगाएको फूल खेतीमध्ये तीनदेखि चार कठ्ठाको फूल वर्षाले नष्ट गरेको बताएका छन्।

सोही वडाकी किसान इन्द्रकुमारी लामाको पाँच कठ्ठामा लगाइएको सयपत्री फूलमा पनि वर्षाले ठूलो क्षति पुर्‍याएको छ। करिब १० वर्षदेखि फूल खेती गर्दै आएकी लामाले तिहार र छठमा फूल बिक्री गरेर चार लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखेकी थिइन्।

चाडपर्वलाई लक्षित गरी फूल खेतीमा लगानी गरेका किसान वर्षाले उत्पादनमा क्षति पुर्‍याएपछि लगानीसमेत नउठ्ने चिन्तामा परेका छन्।

मधेशमै पहिलो पटक 'रिपोर्ट भेन्डिङ मेसिन' सेवा, रिपोर्ट ....

अन्तर्गत नयाँ प्रविधि प्रयोगमा ल्याएको जनाएको छ।

प्रतिष्ठानका रजिष्ट्रार डा. विनोद यादवले नयाँ प्रविधिले दैनिक अस्पताल आउने हजारौं बिरामी तथा उनीहरूका आफन्तलाई रिपोर्ट प्राप्त गर्न सहज बनाउने अपेक्षा गरिएको जना। उनले भने, 'नयाँ मेसिनको प्रयोगबाट प्रयोगशालामा परीक्षण गराएका बिरामीले आफ्नो रिपोर्ट आफैं प्रिन्ट गरेर लिन सक्नेछन्। यसका लागि बिरामीले परीक्षण गराउँदा प्राप्त गरेको बिलको 'बारकोड' मेसिनमा देखिने सेन्सर भागमा देखाउनुपर्ने। बारकोड स्क्यान हुनासाथ मेसिनले सम्बन्धित विवरण पहिचान गरी केही सेकेन्डमै ल्याब रिपोर्ट प्रिन्ट गरेर उपलब्ध गराउनेछ।'

यसले ल्याबको रिपोर्ट लिन बिरामीलाई लामो समयसम्म लाइनमा बस्नुपर्ने बाध्यताबाट छुटकारा मिल्ने र रिपोर्ट संकलन तथा वितरणमामा सहजता हुने प्रवक्ता डा. रामज्ञान यादवले बताए। उनले भने, 'स्वचालित मेसिन सञ्चालनसँगै रिपोर्ट लिन लाग्ने समय घट्ने, काउन्टरमा हुने भीड कम हुने तथा रिपोर्ट वितरण प्रक्रियामा मानवीय त्रुटि घट्ने अपेक्षा छ। बिरामी तथा कुरुवाको समय बचत हुनुका साथै अस्पतालको सेवा प्रवाह थप व्यवस्थित हुने विश्वास छ।'

प्रतिष्ठानले विगतदेखि नै बिरामीको चाप व्यवस्थापन गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न प्रविधि तथा पूर्वाधारको विस्तार गर्दै आएको जनाएको छ। अस्पताललाई क्रमशः पूर्ण रुपमा डिजिटल र प्रविधिमैत्री बनाउने अभियानअन्तर्गत स्वचालित ल्याब रिपोर्ट प्रिन्टिङ मेसिन सञ्चालनमा ल्याइएको हो।

प्रादेशिक अस्पतालमा जडित यस प्रविधि विस्तारले आम नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सहज बनाउने विश्वास लिएको प्रवक्ता डा. रामज्ञान यादवले बताए। सेवाग्राहीलाई उपलब्ध गराइएको युनिकोड प्रयोग गरी आफैंले मेसिनबाट रिपोर्ट प्रिन्ट गर्न सक्नेछन्।

प्रधानमन्त्री/गृहमन्त्रीसँग जिम्मेवारी लिन, आइजिपीमाथि छानबिन गर्न जेनजी फ्रन्टको माग

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १४ गते

नेपाल जेनजी फ्रन्टले समाचार कक्षबाटै पत्रकार पक्राउ गरिएको घटनामा प्रधानमन्त्री बालेन्द्र शाह, गृहमन्त्री सुधन गुरुङले राजनीतिक र नैतिक जिम्मेवारी लिनुपर्ने र प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीमाथि छानबिन गर्न माग राखेका छन्।

शुक्रबार नेपाल प्रेसका पत्रकार विश्वमणि सुवेदी, डीएनखबरका धिरज बस्नेत र मोटिभेट न्युजका शोभराज बरालसहितका पत्रकारलाई समाचार कक्षबाटै प्रहरीले नियन्त्रणमा लिएको थियो। त्यस्तै, नयाँ पत्रिका र दियो पोस्टका कार्यालयमा पनि सादा पोशाकका प्रहरी पुगेर पत्रकारबारे सोधखोज गरेका थिए।

उक्त घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै फ्रन्टका संयोजक रक्षा बमले जारी गरेको विज्ञप्तिमा पक्राउ पुर्जी नदेखाई र पक्राउको कारण नखुलाई समाचार कक्षमै प्रवेश गरेर पत्रकारलाई नियन्त्रणमा लिएको घटनामा छानबिनको माग गरेकी हुन्।

'प्रधानमन्त्रीको सचिवालयले अनभिज्ञता दाबी गर्नुको सट्टा असंवैधानिक पक्राउ र धरपकडमा संलग्न प्रहरी अधिकारी एवम् जिम्मेवार प्रहरी नेतृत्वमाथि आवश्यक छानबिन र कारबाही गरी गृहमन्त्री र प्रधानमन्त्रीले यस घटनाको नैतिक एवम् राजनीतिक जिम्मेवारी लेऊ,' विज्ञप्तिमा भनिएको छ।

अभिव्यक्ति स्वतन्त्रता, पारदर्शिता र जवाफदेही शासनको माग गर्दै भएको जेनजी विद्रोहबाट बनेको सरकारले नै समाचारका विषयमा पत्रकारमाथि धरपकड गर्नु विद्रोहको मर्म र जनादेशविपरीत भएको फ्रन्टको भनाइ छ।

'जेनजी विद्रोहले दिएको सुशासन, जवाफदेहिता र अभिव्यक्ति स्वतन्त्रताको जनादेशका विरुद्ध डर, धम्की र धरपकडको बाटो अपनाउने छुट सरकारलाई छैन,' विज्ञप्तिमा भनिएको छ।

समाचारप्रति असहमति वा उजुरी भए प्रेस काउन्सिल वा अदालत जाने कानुनी प्रक्रिया हुँदाहुँदै 'माथिको आदेश' भन्दै प्रहरी परिचालन गर्नु गुण्डाराजको झल्को दिने अधिनायकवादी प्रवृत्ति भएको फ्रन्टले जनाएको छ।

त्यसैगरी, गृहमन्त्रीलाई संसद र नागरिकप्रति जवाफदेही बनाउन पनि माग गरेको छ।

समाचारको स्रोत पत्ता लगाउने वा विचार तथा अभिव्यक्ति नियन्त्रण गर्ने नाममा विद्युतीय कारोबार ऐनका असंवैधानिक दफा प्रयोग गर्न तत्काल रोक लगाउन र ती दफा खारेज गर्ने प्रक्रिया अघि बढाउन पनि फ्रन्टले माग गरेको छ।

फ्रन्टले अभिव्यक्ति स्वतन्त्रता र संविधानको रक्षाका लागि निरन्तर खबरदारी गर्ने जनाएको छ।

पत्रकार श्याम यादवलाई घरमै पुगेर धम्की दिने ....

सुरुमा घटना मिलाउन खोजेको प्रहरीले नेपाल पत्रकार महासंघको दबाबमा धम्की दिनेमाथि कारबाही गर्न मुद्दा दर्ता गरेको हो। जिल्ला प्रहरी कार्यालय सिरहाले पत्रकारलाई धम्की दिने उपर मुद्दा भएको जनाएको छ।

पत्रकार यादवलाई धम्की दिएको विषयमा नेपाल पत्रकार महासंघ सिरहा शाखा, प्रेस चौतारी नेपाल सिरहा शाखा, मधेश प्रदेश समिति र केन्द्रिय समितिले विज्ञप्ती निकालेर घटनाको गम्भीरतापूर्वक लिएर छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेको छ। स्वतन्त्र प्रेस उपर कुनैपनि बहानामा हस्तक्षेप हुने कार्य स्वीकार नहुने भन्दै महासंघको तीन तहको समितिले घटनाको गम्भीरतालाई बुझेर अनुसंधान गर्न र कारबाही प्रकृया अघि वढाउन माग गरेको हो। यस्तै पत्रकारलाई सुरक्षा जोखिमको विषयमा पनि प्रहरीले सक्रियता देखाएर शान्ति सुरक्षा कायम राख्न महासंघले माग गरेको छ।

मधेशमा वित्तीय सुशासन कायम गर्न नयाँ बेरूजु फछ्यौट ....

न्यूनीकरण गर्ने उत्कृष्ट कार्यालय, कार्यालय प्रमुख र आर्थिक कारोबारमा संलग्न कर्मचारीलाई २५ हजार रुपैयाँसम्म नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने व्यवस्था कार्यविधिमा छ। कार्यालयहरूलाई वार्षिक बेरुजुको मात्राका आधारमा 'क', 'ख', 'ग' र 'घ' वर्गमा विभाजन गरी फछ्यौटको लक्ष्यसमेत तोकिएको छ।

अर्थमन्त्री युवराज भट्टराईले सार्वजनिक स्रोतको सही सदुपयोग, वित्तीय अनुशासन, पारदर्शिता र उत्तरदायित्व कायम गर्दै प्रदेशलाई बेरुजुमुक्त बनाउने अभियानमा कार्यविधि महत्त्वपूर्ण हुने बताएका छन्। उनले आर्थिक कारोबारमा संलग्न सबै पदाधिकारीलाई तोकिएको समयसीमाभित्र कार्यविधिअनुसार जिम्मेवारीपूर्वक काम गर्न निर्देशनसमेत दिएका छन्।

कार्यविधिमा पाँच वर्षसम्म पनि फछ्यौट वा असुल हुन नसकेका बेरुजुलाई सरकारी बाँकीसरह लगत कसी प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत असुलउपरको प्रक्रिया अघि बढाउने व्यवस्था छ। त्यसअन्तर्गत बैंक खाता रोक्का, जायजेथा रोक्का, लिलाम बिक्री तथा आवश्यक कानुनी कारबाही गर्न सकिनेछ।

त्यस्तै, तोकिएको म्यादभित्र पेस्की फछ्यौट नगरे वार्षिक १० प्रतिशतका दरले ब्याज असुल गरिने व्यवस्था गरिएको छ। प्रत्येक आर्थिक वर्षको १५ भदौभित्र बेरुजु फछ्यौट कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने अनिवार्य प्रावधान पनि कार्यविधिमा समेटिएको छ।

सामाजिक सञ्जाल प्रयोगमा सतकर्ता अपनाऔं

- सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,

- कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
- शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

मधेशका आठ जिल्लामा सुरक्षित आवास कार्यक्रम विस्तारमा जोड

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १४ गते

आर्थिक अवस्था कमजोर भएका तथा विपन्न समुदायको सुरक्षित आवासमा पहुँच सुनिश्चित गर्न मधेश प्रदेशका आठवटै जिल्लामा सुरक्षित आवास कार्यक्रम विस्तार गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन्।

सुरक्षित आवास निर्माणसँगै आवास वित्त, लघु बीमा तथा वित्तीय र डिजिटल साक्षरताको पहुँच विस्तार गर्न सके विपन्न परिवारको आवास सुरक्षा सुनिश्चित गर्न सहयोग पुग्ने सरोकार भएकाहरूको भनाइ छ।

ह्याबिट्याट फर ह्युम्यानिटी नेपालले जर्सी ओभरसिज एड (जेओए) को आर्थिक सहयोगमा सञ्चालित होम्स नेपाल परियोजनाअन्तर्गत जनकपुरधाममा आयोजना गरिएको 'वित्तीय समावेशीकरण र सुरक्षित आवासका लागि प्रणाली सुदृढीकरणः चुनौती र अवसरहरू' विषयक कार्यशालामा सहभागीले सुरक्षित आवासलाई विपद् जोखिम न्यूनीकरणको महत्त्वपूर्ण आधारका रूपमा अघि बढाउनुपर्ने बताएका हुन्।

कार्यक्रमका मधेश प्रदेशसभा सदस्य सुरिताकुमारी साहले सुरक्षित आवास नागरिकको आधारभूत आवश्यकता भएकाले यसलाई विपद् जोखिम न्यूनीकरणसँग जोडेर अघि बढाउनुपर्ने बताए।

आर्थिक अवस्था कमजोर भएका परिवारलाई सुरक्षित आवास निर्माणमा सहयोग पुऱ्याउन सरकार, स्थानीय तह र सम्बन्धित संस्थाबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्दै उनले यस्ता कार्यक्रम मधेश प्रदेशका आठवटै जिल्लामा विस्तार गरी लक्षित समुदायसम्म पुऱ्याउनुपर्नेमा जोड दिए।

कार्यक्रममा मधेश प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले विपन्न समुदायको आवासमा पहुँच पुऱ्याउन आवास कार्यक्रम प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै पछिल्लो समय मधेश प्रदेशमा सञ्चालित आवास कार्यक्रमहरू बनेको बताए।

तीनै तहका सरकार तथा सरोकारवालाबीच समन्वय सुदृढ गर्दै सुरक्षित आवास, आवाससम्बन्धी वित्तीय सेवा, लघु बीमा र डिजिटल वित्तीय सेवामा समुदायको पहुँच विस्तार गर्ने सम्भावना पहिचान गर्ने उद्देश्यले आयोजित सो कार्यक्रममा स्थानीय तह, प्रदेशस्तरीय निकाय, राष्ट्रिय नियामक संस्था, वित्तीय सेवा प्रदायक तथा विकास साझेदार संस्थाका प्रतिनिधिको सहभागिता थियो।

कार्यक्रममा सुरक्षित आवास, आवास वित्त, लघु आवास बीमा तथा वित्तीय र डिजिटल साक्षरताका विषयमा छलफल गरिएको थियो। सुरक्षित आवास कार्यक्रमलाई प्रभावकारी बनाउन नीतिगत व्यवस्था, वित्तीय सेवाको पहुँच, संस्थागत समन्वय तथा स्थानीय तहको भूमिकालाई थप सुदृढ बनाउनुपर्ने विषयमासमेत छलफल भएको थियो।

फेटामा झडपः एमालेले दुई दिनअघि नै दिएको थियो ....

भएपछि स्थानीय एमाले नेता तथा कार्यकर्ताले कार्यक्रम बिथोल्ने चेतावनी दुई दिनअघि नै जिल्ला प्रशासन कार्यालयमा दिएका थिए।

प्रजिअ अधिकारीले एमालेसहितका स्थानीयले कार्यक्रम बिथोल्ने चेतावनी दिएको पुष्टि गरे। उनका अनुसार विरोधको नेतृत्व गर्नेमध्ये स्थानीय शिक्षक लालबाबु साह पनि जिल्ला प्रशासन पुगेका थिए।

साह जीतपुरसिमरा उपमहा नगरपालिका-४ औराहास्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक हुन्। उनी माध्यमिक तह द्वितीय श्रेणीका शिक्षकसमेत हुन्।

बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले राजनीतिक गतिविधिमा संलग्न भएको विषयमा शिक्षक साहबारे दुई दिनअघि नै शिक्षा विकास तथा समन्वय इकाईलाई जानकारी गराइएको बताए। 'शनिबार फेटामा भएको घटनाको पूर्वजानकारी गराउने शिक्षकका विषयमा दुई दिनअघि नै हामीले शिक्षा कार्यालयलाई जानकारी गराएका थियौँ', उनले भने।

प्रहरीले गोली चलाउँदा स्थिति हिंसात्मक

स्थानीयका अनुसार उद्घाटनका क्रममा विवाद हुनसक्ने आँकलन गरेर बिहानै वरिष्ठ प्रहरी नायब निरीक्षक (वरिष्ठ सई) को नेतृत्वमा प्रहरी टोली परिचालन गरिएको थियो। कार्यक्रमस्थलमा शिलालेख र उद्घाटनका लागि तयार पारिएको मञ्च तोडफोड भएपछि विरोधमा उत्रिएका पक्षका व्यक्तिहरू तितरबितर भएका थिए।

त्यसपछि अवस्था सामान्य हुँदै गएको स्थानीयको दाबी छ। तर, प्रसौनीबाट प्रहरी निरीक्षक सुमन लामाको नेतृत्वमा थप प्रहरी टोली पुगेपछि अवस्था बिग्रिएको स्थानीयको आरोप छ।

प्रहरी निरीक्षक लामाले गोली चलाउनुका साथै केही व्यक्तिलाई नियन्त्रणमा लिन खोजेपछि स्थिति थप तनावपूर्ण बनेको उनीहरूको भनाइ छ।

'घटनाको सुरुदेखि नै हामी यहाँ छौं। सुरुमा आन्दोलनकारीको खासै गल्ती थिएन। सबै बिगारेको प्रहरीले नै हो। प्रहरीले गोली चलाएपछि ठूलो भौतिक क्षति भएको हो', एक स्थानीयले भने।

गोली चलेपछि आक्रोशित प्रदर्शनकारीले गाउँपालिकाका १० वटा मोटरसाइकलसहित अन्य सवारीसाधनमा आगजनी तथा तोडफोड गरेका थिए। अस्पतालका सिसा, सीसीटीभी क्यामेरा, कुर्सी, टेबललगायत सामग्री र संरचनामा समेत क्षति पुऱ्याइएको छ।

प्रमुख जिल्ला अधिकारी अधिकारीका अनुसार अस्पताल परिसरमा शिलालेख र उद्घाटनका लागि तयार पारिएको टेन्ट तोडफोड भएपछि प्रहरीले लाठीचार्ज गरेर भीड तितरबितर पारेको थियो। त्यसपछि आक्रोशित प्रदर्शनकारीले अस्पताल परिसरमा रहेका १० वटा मोटरसाइकलमा आगजनी गरेका थिए।

घटनाका क्रममा अस्पताल परिसरमा थुनिएका १० जना स्वास्थ्यकर्मी र केही सुरक्षाकर्मीलाई प्रहरीले उद्धार गरेको उनले बताए। सञ्चालनको अन्तिम तयारीमा रहेको अस्पतालमै तोडफोड र आगजनी भएपछि स्वास्थ्य सेवा सञ्चालनसमेत प्रभावित हुने अवस्था बनेको छ।

घटनाबारे जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख एसपी नरेन्द्र कुँवर र डीएसपीसँग प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन सकेन। मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभु ढकालले आफू व्यस्त रहेको र पछि फोन गर्न प्रतिक्रिया दिए।